# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ

## १८औं वार्षिक साधारण सभामा भएका निर्णयहरू

(क) **पृष्ठभूमिः**

यस बुटवल पावर कम्पनी लिमिटेडको १८ औं वार्षिक साधारण सभा मिति २०६७।०९।२३ (तद्नुसार जनवरी ७, २०११) शुक्रवारका दिन अपरान्ह २:३० बजे इन्द्रेणी कम्प्लेक्स, वानेश्वर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरू, शेयरधनीहरू, कम्पनीका पदाधिकारीहरू तथा आमन्त्रित सवै महानुभावहरूले आसन ग्रहण गर्नु भएपछि अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १८ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

१८ औं वार्षिक साधारण सभाको सूचना र विषयसूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरू तथा संचालक समितिको प्रतिवेदन शेयरधनीहरूलाई कम्पनीमा उपलब्ध उहाँहरूको ठेगानामा पठाइएको थियो । साथै, वासलात तथा नाफा नोक्सान हिसाव र नगद प्रवाह एवं कम्पनीको अन्य प्रगति विवरण सहितको प्रतिवेदन साधारण सभामा उपस्थित शेयरधनीहरूलाई वितरण गरिएको थियो ।

मिति २०६७।०८।२९ को कान्तिपुर राष्ट्रिय दैनिक र मिति २०६७।०९।०१ को कारोवार राष्ट्रिय दैनिकमा १८ औं वार्षिक साधारण सभाको सूचना प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री गणेश लाल श्रेष्ठ | संचालक |
| ४. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ५. श्री अनुप कुमार उपाध्याय | संचालक |
| ६. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ७. श्री निर्मल प्रधान | संचालक |
| ८. श्री विजय कृष्ण श्रेष्ठ | वैकल्पिक संचालक |

आ) **कम्पनीका पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. श्री मुरली प्रसाद शर्मा | कम्पनी सचिव |
| २. श्री रंजन लोहार | प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ४. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट, व्यवसाय विकास |
| ५. श्री रत्न शाक्य | प्रमुख, संगठन व्यवस्थापन |

**ई)** **पर्यावक्षक**

१. श्री निरञ्जय घिमिरे — नेपाल धितोपत्र वोर्ड
२. श्री टिकामणि नेउपाने — कम्पनी रजिष्ट्रारको कार्यालय
३. श्री खोम प्रसाद भट्टराई — नेपाल स्टक एक्सचेञ्ज लि.

**इ)** **शेयरधनीको उपस्थिति**

साधारण सभामा कुल शेयरधनीहरु मध्ये १२० जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरूको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | उपस्थितिको प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | ९,२२९,६७५ कित्ता | ८,२०१,८९९ कित्ता | ८८.९ |
| कम्पनीको शेयरधनी | ८३६ जना | १२० जना | १४ |

## (ग) सभाको वैधानिकताः

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरूको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रित पूर्वक बोलाईएको ठहर गरी विधिवत् रूपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गर्‍यो ।

अध्यक्षको अनुमित लिई कम्पनी सचिवले सभामा छलफल हुने विषयसूची र प्रस्तावहरू शेयरधनीहरू समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत हुने विषयसूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गर्‍यो । तत्पश्चात साधारण सभामा विषयसूची अनुसार प्रस्तावहरू प्रस्तुत एवं निर्णय भए ।

## (घ) छलफलका विषयहरूः

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका विषयहरू प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषढ मसान्तको वासलात र आ.व. २०६६।६७ को वार्षिक नाफानोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६७।६८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) संचालक समितिले सिफारिस गरे वमोजिमको चुक्ता पूंजीको बीस प्रतिशत लाभांश स्विकृत गर्ने ।
(५) संचालक समितिले सिफारिस गरे वमोजिमको दश प्रतिशत बोनस शेयर जारी गर्ने विषेश प्रस्ताव पारित गर्ने ।
(६) विविध ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०६६।०६७ को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूवाट अनुमति लिएर आठ जना शेयरनीहरूले संचालक समितिको वार्षिक प्रतिवेदन तथा आ.व. २०६६।६७ को लेखापरीक्षण भएको आर्थिक विवरणहरू उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरू राख्नु भएको थियो । उहाँहरूको राय, सुझाव र प्रतिकृयाहरू निम्न वमोजिम रहेको थियो ।

**श्री व्यास कुमार शर्माः** आर्थिक विवरणहरूको प्रस्तुती राम्रो भएको, उत्कृष्ट लेखा प्रस्तुतकर्ताको रूपमा पुरस्कार प्राप्त गरेको र आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनमा सजग रहेकोमा सह्राना गर्नु भयो । कारोवार बढ्दा बढ्दै पनि खुद नाफा घटेको देखिएकोले कम्पनीको नाफा बढाउनको लागि वित्त प्रमुखले खर्च घटाउने तथा आम्दानी बढाउने वित्तय उपायहरूको बारेमा ध्यान दिन सुझाव दिनु भयो । शेयरधनीलाई बीस प्रतिशत नगद लाभांश तथा दश प्रतिशत बोनस शेयर दिने प्रस्तावका लागि धन्यवाद दिदै व्यवसाय विस्तारको लागि थप प्रयास गर्न आग्रह गर्दै त्यसको लागि शेयरधनीहरू सदैव संचालक समितिको सहयोगी रहने जानकारी गराउनु भयो । कम्पनीका केही सहायक कम्पनीहरूको प्रकृति एकै प्रकारको देखिएको हुँदा त्यस्ता कम्पनीहरू गाभ्न सकिने भए गाभेर र त्यसवाट खर्चहरू घटाउनको प्रयास गर्न सुझाव दिनु भयो ।

**डम्मरू वल्लभ घिमिरेः** नगद लाभांश यथाशक्य छिटो वितरण गर्न तथा प्रस्तावित बोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउनु पर्ने शेयरको संख्या फ्याक्सनमा आएको खण्डमा शेयर संरचनामा फरक नपर्ने गरी शेयरधनीहरूको हितलाई ध्यानमा राखेर त्यस्तो फ्याक्सनको पुरै शेयर दिने व्यवस्था गर्न अनुरोध गर्नु भयो । अघिल्लो वार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर जारी गर्ने प्रक्रिया छिटो सम्पन्न गरी हकप्रद शेयर जारी गर्न पनि अनुरोध गर्नु भयो । कम्पनीले नयाँ जलबिद्युत आयोजनाहरू निर्माण गर्न सके देशमा विद्यमान लोडसेडिङ घटाउन मद्दत पुग्ने विश्वस व्यक्त गर्दै नयाँ आयोजना निर्माण कार्य अगाडि बढाउन सुझाव दिनु भयो ।

**श्री अमिर दास रन्जितः** कम्पनीले शेयरधनीहरूलाई १०% बोनस सेयर तथा २०% नगद लाभांश दिन लागेकोमा धन्यवाद ज्ञापन गर्नु भयो । नाफा घट्दै गएकोले आगामी वर्ष नगद लाभांश घट्न जाने देखिएकोले सो घट्न नदिन ध्यान दिन सुझाव प्रस्तुत गर्नु भयो । साथै, शेयरधनीहरूवाट प्रस्तुत सुझावहरू कार्यन्वयनका सम्वन्धमा संचालक समितिको प्रतिवेदनमा पनि उल्लेख गर्न सुझाव प्रस्तुत गर्नु भयो । अघिल्लो वार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर छिटो जारी गर्न अनुरोध गर्दै कुल आम्दानी बढे पनि खुद नाफा घटेको औंल्याउँदै नयाँ आयोजना निर्माण गरी नाफा बढाउन पनि सुझाव दिनु भयो ।

**राम गोपालमहर्जन**ः कम्पनीले आगामी दिनमा नगद लाभांश भन्दा पनि बोनस शेयर दिंदा कम्पनीको पूँजीको आधार बढ्दै जाने र शेयरधनीहरूले समेत धेरै शेयर पाउने हुँदा त्यस तर्फ ध्यान दिन सुझाव दिनु भयो । साथै खुद नाफाको घट्दो क्रममा देखिएकोले यसलाई बढाउने तर्फ विशेष पहल गर्न पनि सुझाव दिनु भयो ।

**रोज कुमार श्रेष्ठः** वार्षिक प्रतिवेदनमा विगत पाँच वर्षको वासलात तथा नाफा नोक्सानको तुलनात्मक विवरणहरू प्रस्तुत गरिएकोमा आगामी दिनमा विगत पाँच वर्षको प्रमुख वित्तिय सूचाकाङ्कहरूको पनि तुलनात्मक विवरणहरू उल्लेख गर्न सुझाव दिनु भयो । यस्तो सूचाकाङ्कहरूवाट शेयरधनीहरूलाई कम्पनीले कस्तो कार्य सम्पादन गर्दै आएको छ र कम्पनी कता जाँदै छ भन्ने सम्बन्धमा विश्लेषण गर्नको लागि मद्दत पुग्ने कुरा जानकारी गाराउनु भयो । जलबिद्युतको अलावा अन्य श्रोतवाट समेत बिद्युत उत्पादन गर्ने तर्फ सोच बनाउन ध्यान आकृष्ट गराउनु भयो ।

**श्री कुवेर श्रेष्ठः** कम्पनीको संचालन र व्यवस्थापन राम्रो भएकोमा खुसी व्यक्त गर्दै केही साहायक कम्पनीहरूको घाटा देखिएकोले आगामी वर्ष सो घाटा कम गर्न ध्यान दिन सुझाव दिनु भयो । त्यसैगरी आउँदा दिनमा देशका पाँच विकास क्षेत्रमा कम्तीमा एक एक आयोजना निर्माण गरी देशमा विद्यमान लोडसेडिङवाट छुटकारा पाउन भूमिका निर्वाह गर्न कम्पनी अग्रसर हुन सकोस भन्ने सुभेक्षा व्यक्त गर्नु भयो । लाभांशको वितरणको कार्य छिट्टै सुरू गर्नको लागि अनुरोध गर्नु भयो ।

**दामोदर प्रसाद रेग्मीः** जलबिद्युतको विकासका लागि सबैले साथ र सहयोग दिनु पर्छ भन्दै स्थानिय सरोकारवालाहरूको उचित सरोकारका सम्वन्धमा कम्पनीले ध्यान दिंदै आएको र आगामी दिनमा समेत ध्यान दिएर अघि बढ्ने छ भन्ने विश्वास व्यक्त गर्नु भयो । साथै आयोजना विकासमा वाधा अवरोध गर्न नहुने सुझाव पनि दिनु भयो । संचालक समितिमा कार्यकुशलता भएका व्यक्तिहरू रहेको हुँदा सोही अनुरूपा आगामी दिनमा शेयरधनीहरूलाई बढी भन्दा बढी प्रतिफल दिलाउने तर्फ ध्यान केन्द्रित गर्न सुझाव दिनु भयो ।

**उद्धव प्रसाद घिमिरेः** आर्थिक विवरणहरूको प्रस्तुती राम्रो भएको, कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता समेत समावेश गरी संगठनको मूल्य संरचना निर्माण गरी त्यसलाई अवलम्वन गरेको र बीस प्रतिशत नगद लाभांश तथा दश प्रतिशत बोनस शेयर वितरण गर्न लागेको भन्दै खुसी व्यक्त गर्नु भयो । खुद मुनाफा घट्न गएको हुँदा नयाँ आयोजनाहरू थप गर्ने तर्फ विशेष ध्यान दिन सुझाव प्रस्तुत गर्नु भयो । साथै, गत वार्षिक साधारण सभाले निर्णय गरेको हकप्रद शेयर छिटो जारी गर्नको लागि सुझाव दिनु भयो ।

शेयरधनीहरूले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६६।६७ को आर्थिक विवरण उपर आफ्ने राय, प्रतिकृया तथा सुझावहरू राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरू उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले प्रस्तुत गरेका सुझावहरूको लागि उहाँहरूलाई धन्यवाद दिनुभयो । शेयरधनीहरूको सुझावहरूवाट अझ राम्रो काम गर्न प्रेरणा मिलेको धारणा व्यक्त गर्दै यसवाट चुनौतिहरू समाधान गर्नको लागि सहयोग पुग्नेछ भन्नु भयो । शेयरधनीहरूका जिज्ञासका सम्वन्धमा संचालक समितिको तर्फवाट निम्न अनुसार स्पष्ट पार्नु भएको थियोः

१. कम्पनीले असल संस्थागत सुशासनका मूल्य मान्यता अनुरूपनै पारदर्शी भएर काम गर्दै आएको छ । शेयरधनीहरूका सुझावलाई सदैव सकरात्मकरूपमा लिएको छ र तत्कालै गर्न सकिने कार्यहरू गरिएको पनि छ । आगामी वर्षको संस्थागत सुशासन प्रतिवेदनमा यस सम्वन्धमा उल्लेख गरिने छ ।

२. कम्पनीका केही सहायक कम्पनीहरू एक अर्कामा गाभ्न सकिन्छ कि भन्ने सुझाव सैद्धान्तिकरूपमा ठिकै छ । तर, हालको जलविद्युत नीति, अनुमतिपत्र सम्वन्धी व्यवस्था तथा बिद्युत खरिद बिक्री सम्वन्धी प्रकृयाको कारण प्रत्येक आयोजना निर्माणको लागि अलग अगल कम्पनी दर्ता गर्दा कार्य संचालन गर्न सहज हुने भएकोले हाल एकै उद्देश्य रहेको जस्तो देखिएका सहायक कम्पनीहरू गाभ्न संभव नभएको हो ।

३. कम्पनीको पूँजीको आधार बढाउने सम्वन्धमा प्राप्त सुझावहरू राम्रा छन् । तर यसलाई कम्पनीको पूँजीको आवश्यकताको आधारमा हेर्नु पर्ने हुन्छ । त्यसैले गत वार्षिक साधारण सभा मार्फत हकप्रद शेयर जारी गर्ने निर्णय भएको भएपनि तरल राजनितिक अवस्था तथा विग्रदो लगानी वातावरणका कारण तत्काल लगानी बढाउन आवश्यक नदेखिएको र यस्तो अवस्थामा पूँजी उठाएर प्रतिफल घटाउनु उपयुक्त देखिएन । पूँजी जम्मा गरेर बैंकमा राख्ने कम्पनीको उद्देश्य पनि होइन । अगामी दिनमा निर्माण गरिन आयोजनालाई आवश्यक शेयर पूँजी र ऋणको अनुपात समेत विचार गरी कम्पनीको पूँजीको आधार बढाउँदै लगिने छ ।

४. कम्पनीको मूनाफामा कमी आएको सम्वन्धमा प्रतिवेदनमा पनि खुलाईएको छ । यस सम्वन्धमा शेयरधनीहरूको ध्यान केन्द्रित हुनु स्वभाविक हो । तर यसो हुनुमा के कस्ता पक्षहरू रहेका छन् भन्ने सम्वन्धमा स्पष्ट हुन जरूरी छ । बिद्युत खरिद सम्झौता अनुरूप आम्दानीमा न्यून रूपमा बृद्धि हुनु तर वजारको अवस्था अनुसार खर्चमा वृद्धि हुँने हुँदा आम्दानी खर्चको अनुपात

मिलाउन गाह्रो परेको छ । बढ्न गएको कर तथा रोयल्टीको भारको कारणवाट मूलभूत रूपमा मूनाफामा कमी आएको हो । गत वर्ष कम्पनीको आयमा दुई करोड चालिस लाख योगदान दिएको इन्जिनियरिङ व्यवसायलाई अलग्गै कम्पनी मार्फत संचालन गरिएको हुँदा सो व्यवसायवाट हुने आय समाविष्ट नभएको कारणवाट समेत कम्पनीको मूनाफामा कमी हुन गएको देखिएको हो । आउँदा वर्षहरूमा पनि कम्पनीले हाल वितरण गर्न लागिएको लाभांशको दरलाई निरन्तरता दिन प्रयास गर्ने छ । यो विषय कम्पनीले गर्ने नयाँ लगानीमा समेत भर पर्ने र त्यस्तो लगानीको प्रतिफल अन्य व्यवसाय जस्तो तत्काल प्राप्त हुने नभई केही समय कुर्नु पर्ने भएको हुँदा देशको राजनितिक अवस्था तथा लगानी वातावरण अनुकुल भएमा अपेक्षा अनुरूप अगाडि बढ्न मद्दत पुग्ने छ । आगामी दिनहरू कस्तो हुन्छ भन्न कठिन छ, तर राम्रै हुनेछ भन्ने आशा लिएर अगाडि बढिने छ । शेयरधनीलाई दिइने प्रतिफलको सन्तुलन कायम राख्नको लागि प्रयास गरिने छ ।

५. कम्पनीले ग्रामिण क्षेत्रमा भरपर्दो बिद्युत सेवा प्रदान गरिरहेको छ । यस सेवाको विश्वसनियता ९६% रहेको छ । सामाजिक उत्तरदायित्वको भावनाले अभिप्ररित भई कम्पनीले बिद्युत केन्द्रहरू रहेका स्थानमा विभिन्न विकास निर्माणको कार्यमा साथ दिंदै आएको र कम्पनीले यसमा आफ्नो भूमिका निर्वाह पनि गरेको छ । यसरी सामाजिक उत्तरदायित्व निर्वाह गर्दा कम्पनीले आफ्ना शेयरधनीहरूको लगानीको संरक्षण र त्यस वापत अपेक्षा गरिएको प्रतिफल समेतलाई ध्यान दिनु पर्ने हुन्छ । कम्पनीले आफ्नो क्षमता अनुरूप सामाजिक उत्तरदायित्व निर्वाह गरी शेयरधनीहरूको लगानीको अपेक्षालाई सम्वोधन गर्दै आएको छ ।

६. बोनस शेयर जारी गर्दा आउने शेयरको Fraction का सम्वन्धमा संचालक समितिले हाल कायम शेयर संरचनामा असर नपर्ने गरी शेयरधनीहरूको हितमा उचित निर्णय लिनेनै छ ।

७. शेयरधनीलाई आ.ब. २०६६।६७ को लाभांश वितरणको कार्य कानून वमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भए लगत्तै शुरू गरिने र सो को लागि अविलम्ब प्रकृया सुरू गरिने छ ।

शेयरधनीहरूवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरू स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो ।

**(च) <u>निर्णयहरूः</u>**

१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०६६।०६७ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारित गर्ने निर्णय भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरीक्षण भएको आ.व. २०६६।६७ को आर्थिक विवरणहरू (२०६७ आषाढ मसान्तको वासलात र आ.व. २०६६।०६७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह) स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू पारित गर्ने निर्णय भयो ।

३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले श्री पि.पि.प्रधान एण्ड कम्पनीले आ.व. २०६६।६७ मा गरेको कम्पनीको हिसाव कितावको लेखापरीक्षण सन्तोषजनक पाइएको र कम्पनी ऐन, २०६३ अनुसार थप दुई आ.व.को लेखापरीक्षण गर्नको लागि योग्य समेत भएको हुँदा श्री पि.पि.प्रधान एण्ड कम्पनीलाई नै आ.व. २०६७।६८ को हिसाव लेखापरीक्षण गर्न लेखापरीक्षण वापत सेवा शूल्क रू १९२,००० (एक लाख बयानब्बे हजार रुपैयाँ) मुल्य अभिवृद्दि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) दिने गरी कम्पनीको लेखापरीक्षक नियूक्तिको लागि लेखापरीक्षण समितिले साधारण सभा समक्ष सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदै लेखापरीक्षक

नियुक्तिको लागि प्रस्ताव गर्नु भयो । सभावाट प्रस्ताव गरे बमोजिमनै श्री पि.पि.प्रधान एण्ड कंपनीलाई रू. १९२,००० (एक लाख बयानब्बे हजार रूपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०६७।०६८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

४) आ.व. २०६६।०६७ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम शेयरधनीहरूको सुविधा र हितलाई ध्यानमा राख्दै चुक्ता पूँजीको बीस प्रतिशत नगद लाभांश वितरण गर्ने संचालक समितिवाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार लाभांश वितरण गर्ने प्रस्ताव गरिएकोमा प्रस्तव वमोजिम १८ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूंजीको बीस प्रतिशत नगद लाभांश वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

५) संचालक समितिको सिफारिसमा शेयरधनीहरूलाई दश प्रतिशत बोनस शेयर जारी गर्ने सम्वन्धमा निर्णयार्थ विषेश प्रस्ताव प्रस्तुत हुँदा १८ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम रहेका शेयरधनीहरूलाई निजहरूले लिएको शेयर संख्याको आधारमा दश प्रतिशत बोनस शेयर प्रदान/जारी गर्ने र त्यसरी बोनस शेयर जारी गर्दा लाग्ने आयकर रकम शेयरधनीले पाउने नगद लाभांशवाट कट्टा गर्ने पनि निर्णय भयो । बोनस शेयर जारी गर्दा शेयरधनीले लिइरहेको शेयर संख्याको आधारमा एक शेयर भन्दा कम शेयर (दशमलवमा) पाउने भएमा त्यस्तो शेयर तथा शेयर रकमका सम्वन्धमा विद्यमान शेयर संरचनामा असर नपर्ने गरी उचित निर्णय गर्ने संचालक समितिलाईनै अख्तियारी दिने पनि निर्णय भयो ।

(६) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्तव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**(छ) <u>सभा विसर्जनः</u>**

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा अध्यक्षज्यूलाई १८ औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको १८ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, संचालक समितिका सहकर्मि सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरू, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्वद्व सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरूले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै १८ औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह ४.४० वजे विसर्जन भएको थियो ।

| | |
|---|---|
| ............................ | ............................ |
| (मुरली प्रसाद शर्मा) | (पद्म ज्योति) |
| कम्पनी सचिव | अध्यक्ष |